आज मिति २०८२ साल आषाढ २६ गते विहान ११:०० बजे विहीवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ५७ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | शाखा अधिकृत सातौं | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री छविजंग मल्ल | बरिष्ठ लेखा अधिकृत सातौं | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री पवन कुमार कार्की | ईन्जिनियर | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ५ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ६ | श्री भूपेन्द्र बहादुर शाही | स्वीकीय सचिव सहायक पाँचौं | ठाँटीकाँध गापा दैलेख | |
| | | | | |

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द, दैलेख
कर्णाली प्रदेश, नेपाल

## मिति २०८२/०३/२६ गतेको ५७ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

**प्रस्ताव नं.१**

चालु आ ब को बार्षिक आय– व्यय अनुमोदन सम्बन्धमा ।

**प्रस्ताव नं.२**

निर्माणाधिन अधुरा योजनाको म्याद थप सम्बन्धमा ।

**प्रस्ताव नं. ३**

गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।

**प्रस्ताव नं.४**

सामुदायिक विद्यालय तर्फका शिक्षक तथा कर्मचारी र वालविकास सहजकर्ताहरुको म्याद थप सम्बन्धमा।

**प्रस्ताव नं.५**

आगामी आ ब २०८२।०८३ को बार्षिक योजना,कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिने सम्वन्धमा।

**प्रस्ताव नं.६**

कर्णाली जल परियोजनाबाट प्रास सिमेण्ट बाहेकका बाह्य निर्माण सामग्री भण्डार तथा प्रयोग सम्बन्धमा ।

**प्रस्ताव नं.७**

रात्रिकालीन पालो पहरेको जिम्मेवारी हेरफेर सम्बन्धमा ।

**प्रस्ताव नं.८**

स्थानीय रोजगार रणनीति २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं.९**

अस्थायी प्रहरी चौकी स्थापनाका लागि अनुरोध गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. १०**

ठाटीकाँध गाउँपालिकाको तर्फबाट अख्तियारी सहित प्रतिनिधि तोक्ने सम्बन्धमा ।

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्ताव नं. ११

कानुनी सल्लाहकार नियुक्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२

ठाटिकाँध बजारस्थित टेक बहादुर थापाको घरको पूर्वपट्टि केशा थापाको जग्गा हुँदै कृष्ण मा वि को पूर्वपट्टिको खोल्सीसम्म ढल निकासका लागि पक्की नाला वा सडक निर्माण गर्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा चालु आ ब २०८१।०८२ को लेखा सूत्र प्रणालीबाट जेनेरेट भएको विवरणका आधारमा सम्पूर्ण आय व्यय देहाय अनुसार प्रस्तुत भयो ।प्रस्तुत आय व्यय उपर छलफल तथा समीक्षा गरी अनुमोदन गर्ने निर्णय गरीयो

तपसिल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

# ठाँटीकाध गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
कार्यालयको कोड : ८०६६७५०२३००

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/२६ — रु. हजारमा

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | २४,६२,३९,०००.०० | २३,९६,८८,२००.०० | ९७.३४ | ६५,५०,८००.०० |
| १३३११ समानिकरण अनुदान | ७,९५,००,०००.०० | ७,२९,४९,२००.०० | ९१.७६ | ६५,५०,८००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १४,२२,३९,०००.०० | १४,२२,३९,०००.०० | १०० | ०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १०,००,०००.०० | १०,००,०००.०० | १०० | ०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,२०,००,०००.०० | १,२०,००,०००.०० | १०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,१५,००,०००.०० | १,१५,००,०००.०० | १०० | ०.०० |
| प्रदेश सरकार | ५,०५,६३,०००.०० | ४,६६,१३,१९९.०० | ९२.१९ | ३९,४९,८०१.०० |
| १३३११ समानिकरण अनुदान | ८५,२०,०००.०० | ८५,२०,०००.०० | १०० | ०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २०,४३,०००.०० | २०,४३,०००.०० | १०० | ०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,५०,००,०००.०० | २,५०,००,०००.०० | १०० | ०.०० |
| १३३१४ विषेश अनुदान चालु | ५०,००,०००.०० | ४९,८५,९३२.०० | ९९.७२ | १४,०६८.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,००,००,०००.०० | ६०,६४,२६७.०० | ६०.६४ | ३९,३५,७३३.०० |
| राजस्व बाडफाड | ८,५९,०८,६६८.०० | ७,६६,५१,९७५.५२ | ८९.२२ | ९२,५६,६९२.४८ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,२४,२५,९५७.०० | ५,३०,७४,४४६.७९ | ८५.०२ | ९३,५१,५१०.२१ |
| ११४२१ बाँडफाँड भ०ई प्राप्त हुने अन्त:शुल्क | २,२६,७४,०४३.०० | २,२९,१२,८१४.४४ | १०१.०५ | (२,३८,७७१.४४) |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८,०८,६६८.०० | ६,६४,७१४.२९ | ८२.२ | १,४३,९५३.७१ |
| अन्तरिक श्रोत | १,३८,८२,००३.५३ | १,१०,७७,३७३.८१ | ७९.८ | २८,०४,६२९.७२ |
| ११३१४ भुमिकर/मालपोत | १६,००,०००.०० | ५,८५,६३२.८८ | ३६.६ | १०,१४,३६७.१२ |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | २६,५९,९०,४४८.५३ | २३,५०,७१,३८६.७६ | ८८.३८ | ३,०९,१९,०६१.७७ |
| २११११ पारिश्रमिक कर्मचारी | १४,६३,१४,४५२.०० | १३,०३,९४,३८०.७६ | ८९.१२ | १,५९,२०,०७१.२४ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ३,६०,०००.०० | ३,५८,६२३.०० | ९९.६२ | १,३७७.०० |
| २११२१ पोशाक | ११,७२,०००.०० | ११,५२,०००.०० | ९८.२९ | २०,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ५,००,०००.०० | २,४०,०००.०० | ४८ | २,६०,०००.०० |
| २११३१ स्थानीय भत्ता | ३,४२,०००.०० | २,३३,९८४.०० | ६८.४२ | १,०८,०१६.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ४,००,०००.०० | ४,००,०००.०० | १०० | ०.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | १६,२४,०००.०० | १६,०६,५००.०० | ९८.९२ | १७,५००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | २७,५०,०००.०० | २७,२०,११०.०० | ९८.९२ | २९,८१०.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | १,००,०००.०० | ५९,७८०.०० | ५९.७८ | ४०,२२०.०० |
| २२११२ संचार महसुल | १२,८०,०००.०० | १२,७७,८१०.०० | ९९.८३ | २,१९०.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २७,०५,०००.०० | २५,२०,१९०.०० | ९३.१७ | १,८४,८१०.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २९,१०,०००.०० | २८,३२,५५२.०० | ९७.३४ | ७७,४४८.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २,८०,०००.०० | २,८०,०००.०० | १०० | ०.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९,४५,०००.०० | ९,०४,९२४.०० | ९५.७६ | ४०,०७६.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४५,४७,०००.०० | ४४,४६,८९७.०० | ९७.८ | १,००,१०३.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,००,०००.०० | २,९८,६०४.०० | ९९.५३ | १,३९६.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४,००,०००.०० | ४,००,०००.०० | १०० | ०.०० |
| २२४११ सेवा र परामर्श खर्च | १५,४६,०००.०० | १५,४४,५४०.०० | ९९.९१ | १,४६०.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ४,०५,०००.०० | ३,९०,७५४.०० | ९६.४८ | १४,२४६.०० |
| २२५२२ कार्यक्रम खर्च | ३,३२,४८,७१९.०० | २,८८,७६,९०४.०० | ८६.८५ | ४३,७१,८१५.०० |

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

# ठाँटीकाध गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
कार्यालयको कोड : ८०६६७५०२३००

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/२६

रु. हजारमा

**आय**

| | | | | |
|---|---|---|---|---|
| ११३१७ वहाल कर | २,००,०००.०० | ८१,९७२.८० | ४०.९९ | १,१८,०२७.२० |
| ११४७९ अन्य मनोरञ्जन कर | २०,०००.०० | ०.०० | ० | २०,०००.०० |
| ११६९१ अन्य कर | १,४०,०००.०० | ८,९००.०० | ६.३६ | १,३१,१००.०० |
| १४२४२ नक्सापास दस्तुर | २,००,०००.०० | ९,५९७.०० | ४.८ | १,९०,४०३.०० |
| १४२४३ सिफारिश दस्तुर | २,००,०००.०० | १,८४,८००.०० | ९२.४ | १५,२००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ८०,०००.०० | १,५९,१००.०० | १९८.८८ | (७९,१००.००) |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ४,४००.०० | ०.८८ | ४,९५,६००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४५२९ अन्य राजस्व | १०,१७,०००.०० | १,६७,९६७.६० | १६.५२ | ८,४९,०३२.४० |
| ३२१२२ बैंक मौज्दात | ९८,७५,००३.५३ | ९८,७५,००३.५३ | १०० | ०.०० |
| जम्मा | ३,९६,५९,२६,७१ | ३,७४,०३,०७,४८ | ९४.३१ | २२,५६,१९,२३ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२५२९ विविध कार्यक्रम खर्च | २,७०,०२,००३.५३ | २,६७,८६,१५१.०० | ९९.२ | २,१५,८५२.५३ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ९०,०००.०० | ४०,०००.०० | ४४.४४ | ५०,०००.०० |
| २२६१२ भ्रमण खर्च | २६,५५,०००.०० | २५,३१,९४८.०० | ९५.३७ | १,२३,०५२.०० |
| २२६१९ अन्य भ्रमण खर्च | १,०१,०००.०० | ९३,०००.०० | ९२.०८ | ८,०००.०० |
| २२७११ विविध खर्च | १७,१५,२७४.०० | १६,४०,७७०.०० | ९५.६६ | ७४,५०४.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ३,००,०००.०० | ३,००,०००.०० | १०० | ०.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २,७९,५९,०००.०० | १,९०,१३,८९२.०० | ६८.०१ | ८९,४५,१०८.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ०.०० | ०.०० | ० | ०.०० |
| २७२१३ औषधीखरिद खर्च | १५,४०,०००.०० | १५,३३,८९३.०० | ९९.६ | ६,१०७.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ७५,०००.०० | ७५,०००.०० | १०० | ०.०० |
| २८१४२ घरभाडा | १७,१२,०००.०० | १७,१२,०००.०० | १०० | ०.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ३,९४,०००.०० | ३,८८,१००.०० | ९८.५ | ५,९००.०० |
| २८१४९ अन्य भाडा | १८,०००.०० | १८,०००.०० | १०० | ०.०० |
| पूंजीगत | १३,०६,०२,२२३.०० | १०,७२,७३,९९७.०० | ८२.१४ | २,३३,२८,२२६.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | २,५४,३१,५२७.०० | १,४०,०१,०७०.०० | ५५.०५ | १,१४,३०,४५७.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १५,००,०००.०० | १४,६६,१९३.०० | ९७.७५ | ३३,८०७.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ६,५०,०००.०० | ६,३४,३७७.०० | ९७.६ | १५,६२३.०० |
| ३११२१ सवारी साधन | ६,६५,०००.०० | ६,६१,६३०.०० | ९९.४९ | ३,३७०.०० |
| ३११२२ मेशिनरी तथा औजार | ६,००,०००.०० | ५,८७,४९९.०० | ९७.९२ | १२,५०१.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २०,५३,६६८.०० | १५,४३,७३७.०० | ७५.१७ | ५,०९,९३१.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २,२०,०००.०० | १,८२,३२५.०० | ८२.८८ | ३७,६७५.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ६,१७,६८,०००.०० | ५,५८,४६,२८६.०० | ९०.४१ | ५९,२१,७१४.०० |
| ३११५३ विद्युत संरचना निर्माण | १०,००,०००.०० | ८,६१,४३४.०० | ८६.१४ | १,३८,५६६.०० |

ठाँटीकाध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द, दैलेख कर्णाली प्रदेश, नेपाल

तुलसा प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत





CamScanner

# ठाँटीकाध गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
**कार्यालयको कोड : ८०६६७५०२३००**

### आय व्ययको बिवरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/२६    रु. हजारमा

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११५५ सिंचाई संरचना निर्माण | २२,३५,०००.०० | २१,५०,९८३.०० | ९६.२४ | ८४,०१७.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | १,७५,२५,०००.०० | १,६६,६७,३००.०० | ९५.११ | ८,५७,७००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | ०.०० | ०.०० | ० | ०.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | १,६६,५४,०२८.०० | १,२४,००,३७४.०० | ७४.४५ | ४२,५३,६५४.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३,००,०००.०० | २,७०,७८९.०० | ९०.२६ | २९,२११.०० |
| | जम्मा | ३,९६,५९,२६,७१ | ३,४२,३४,५३,८३ | ८६.३२ | ५४,२४,७२,८७ |

ठाँटीकाध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द, दैलेख कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

निर्णय नं. २

प्रस्ताव नं.२माथि छलफल गर्दा गत विगत र चालु आ ब २०८१।०८२ मा समेत शुरु भई हालसम्म सम्पन्न हुन नसकेका तथा क्रमागत देहायका योजनाहरु आगामी आ ब २०८२।०८३ मा सम्पन्न गर्न श्रोतको सुनिश्चितता, ठेक्काको हकमा बैंक जमानतको अवधि र संशोधित कार्यतालिकाका आधारमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ का संशोधित प्रावधान समेतका आधारमा ६ महिनादेखि बढीमा १ बर्षसम्म खरिद सम्झौताको म्याद थप गर्ने र चालु आ ब मा उपभोक्ता समितिबाट सञ्चालित अधुरा आयोजनाको हकमा ६ महिना म्याद थप गरी कार्य सम्पन्न गरीसक्ने निर्णय गरीयो ।

तपसिल

१.ठेक्का खरिद सम्झौता अनुसार कार्य सम्पन्न नभई बाँकी रहेका अधुरा र क्रमागत आयोजनाहरु

| क्र सं | ठेक्का नं | योजनाको नाम | कूल लागत अनुमान रु | हालसम्म भएको भुक्तानी रु | भुक्तानी बाँकी रकम रु | खरिद सम्झौता को बाँकी अवधि |
|---|---|---|---|---|---|---|
| १ | TRM/DLK/NCB/WS/04-2080/081 | ईल्चि तल्लो भेरिपातल ज्यामीचौर पिपलचौतारा धामीगाउँ डाँग्रा खानेपानी योजना | ३६७४३७४४।२९ | २०००००००० | १६५००००० | हाल म्याद भएको |
| २ | 05-TRM/2076/77 | दशरथ मा वि प्याडुली वडा नं २ | ५२२०४५९।६० | १७४७४६४।०६ | ३४७२९९५।५४ | म्याद थप गर्नुपर्ने |
| ३ | 04-TRM/2076/077 | कृष्ण मा वि लकान्द्र वडा नं १ | ५८१६८४७।७३ | ४०३००००।०० | १७८५०००।०० | म्याद थप गर्नुपर्ने |
| ४ | | प्राथमिक अस्पताल भवन निर्माण १५ शैया | १३०१६८०००। | १०४०७४०००। | २६००००००।० | म्याद थप गर्नुपर्ने |
| ५ | 04-TRM/DLK/NCB/W/HCBC/2077/078 | प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण आइशोलेशन भवन निर्माण | ११७७४४६१।२५ | ६४७४४६१।०० | ५३०००००।०० | म्याद थप गर्नुपर्ने |
| ६ | TRM/DLK/SQ/HRS/05/2081/082 | हेलिप्याड सडक स्तरोन्नति | १८९१८७५।५७ | ५४८१७७।१३ | १३४३६९८।४४ | म्याद थप गर्नुपर्ने |
| ७ | | ठाटिकाँध विजारे धनकोट काँध नौलावन सडक मर्मत तथा स्तरोन्नति | ३८००००००० | २३०००००० | १५०००००० | म्याद थप गर्नुपर्ने |
| उपभोक्ता समिति तर्फ | | | | | | |
| १ | | दशरथ मा वि प्याडुलि खानेपानी योजना निर्माण | ७५००००।०० | २०००००।०० | ५५००००।०० | म्याद थप गर्नुपर्ने |

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा गत विगत वर्षदेखि अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा मापदण्ड अनुसार चालु वर्षको सेवा अवधिमा सम्पादन गरेको काम लगायत निजले पेश गरेको कार्यसम्पादनको आधारमा मिति २०८२।०४।०१ गतेबाट लागु हुने गरी ३ महिना देखि बढीमा मिति २०८३।०३।३१ सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा सार्वजनिक विद्यालय समायोजन एवम् एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम भौगोलिक क्षेत्र अनुसार तहगत रुपमा देहाय अनुसारको विद्यार्थि संख्या नभएमा नजिकको विद्यालयहरु समायोजन एवम् एकिकरण गर्न सकिने व्यवस्था भएबमोजिम तपशिलका मापदण्ड अनुसार मिति २०८२।०४।०१ देखि लागु हुने गरी दरवन्दी पुनरावलोकन गर्ने तथा जेष्ठता र कार्यक्षमताको आधारमा अस्थायी तथा करार सेवामा कार्यरत संघीय अनुदान प्राप्त अनुदान शिक्षक र गाउँपालिकाबाट अनुदान प्राप्त शिक्षकहरुको म्याद थप गर्न सबै सामुदायिक विद्यालय व्यवस्थापन समितिहरुलाई निर्देशन दिने निर्णय गरियो।

तपशिल

| भौगोलिक क्षेत्र | विद्यालयको तह | | | | |
|---|---|---|---|---|---|
| | कक्षा १– ३ | कक्षा १– ५ | कक्षा ६– ८ | कक्षा ९– १० | कक्षा ११– १२ |
| पहाडी क्षेत्र | ४५ | ७५ | ४५ | ३० | ३० |

निर्णय नं. ५

प्रस्ताव नं.५माथि छलफल गर्दा आगामी आ ब २०८२।०८३ को बार्षिक योजना,कार्यक्रम तथा बजेटमा आवश्यक छलफल गरी अन्तिम रुप दिन गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत,आर्थिक प्रशासन शाखा प्रमुख,र सुचना प्रविधि अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं.६माथि छलफल गर्दा कर्णाली जल परियोजनाबाट प्राप्त सिमेण्ट बाहेकका बाह्य निर्माण सामग्री प्रयोगका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायमा अनुरोध गर्ने र आबश्यकता अनुसार गाउँपालिकाबाट समेत लागत साझेदारी गर्ने निर्णय गरियो । निर्माण सामग्रीहरु वडा नं ५ को हकमा सम्बन्धित उपभोक्ता समिति संग रहने गरी सुरक्षीत राख्न लगाउने र अन्य वडाका योजनाको हकमा गाउँपालिकाले आवश्यक ठाउँमा सुरक्षित राख्ने निर्णय गरियो।

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

प्रस्ताव नं.७ माथि छलफल गर्दा रात्रिकालीन पालो पहरे जिम्मेवारी हालसम्म का स गणेश बहादुर शाहीले गर्दै आएकोमा मिति २०८२।४।१ देखि का स शक्ति बहादुर बुढालाई तोक्ने र पालोपहरा गरे वापत दैनिक खाजा खर्च बापत साविक बमोजिम नै दैनिक रु १५० दिने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं.८ माथि छलफल गर्दा स्थानीय तहको रोजगार रणनीति २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं.९ माथि छलफल गर्दा भौगोलिक विकटताका कारण घट्नसक्ने प्राकृतिक प्रकोप लगायत अन्य आपराधिक क्रियाकलाप नियन्त्रण गर्न आवश्यक देखिएकाले यस गउँपालिकाका वडा नं ३ र ४ को डाडाँ गाउँ वजार वा वाहाकोट वजार मध्ये पायक पर्ने एक ठाउँमा र वडा नं ५ को अधिकारी चौरमा अस्थायी प्रहरी चौकी स्थापनाको लागि श्री जिल्ला सुरक्षा समिति दैलेख मार्फत नेपाल सरकारको सम्वन्धित मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

निर्णय नं १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा मालिका मा वि ठिमुरेका नि प्र अ श्री महेन्द्र कुमार शाहीले मिति २०८२।०३।१३ मा श्री उच्च अदालत सुर्खेतमा दिएको रिट नं ०८१-WO-००७७ को मुद्धा सम्बन्धी सम्पूर्ण कामकाज गर्नका लागि उक्त मुद्धाका प्रतिवादी श्री ठाटीकाँध गाउँपालिका,श्री ठाटीकाँध गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र दैलेख र श्री ठाटीकाध गाउँपालिका शिक्षा युवा तथा खेलकूद शाखा समेतको तर्फबाट श्री ठाटीकाँध गाउँपालिका गाउँ शिक्षा समितिका सदस्य एवम् ५ नं वडा अध्यक्ष श्री लाल बहादुर शाही र शिक्षा युवा तथा खेलकूद शाखाका सातौं तहका वरिष्ठ शिक्षा अधिकृत श्री नेत्र बहादुर थापालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा मालिका मा वि ठिमुरेका नि प्र अ श्री महेन्द्र कुमार शाहीले मिति २०८२।०३।१३ मा श्री उच्च अदालत सुर्खेतमा दिएको रिट नं ०८१-WO-००७७ को मुद्धा सम्बन्धी लिखित जवाफ तयार गर्न, अदालतमा आवश्यक वहस पैरवी गर्न र सो सम्बन्धी अन्य कामकाजका लागि कानुनी सल्लाहकारको रुपमा अधिवक्ता प्रमाणपत्र नं ८५१२ का दैलेख आठवीस नगरपालिका वडा नं २ निवासी श्री मातृका प्रसाद खनाललाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १२

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस ठाटिकाँध बजारस्थित टेक बहादुर थापाको घरको पूर्वपट्टि केशव थापाको जग्गा हुँदै कृष्ण मा वि को दक्षिणपट्टिको खोल्सीसम्म ढल निकासका लागि पक्की नाला निर्माण गर्ने र सो भागमा रहेको परम्परागत सार्वजनिक वाटोलाई निकास दिने गरी आगामी आ ब को प्रधानमन्त्री

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

ठाटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

CamScanner

रोजगार कार्यक्रमबाट प्राविधिक लागत अनुमानका आधारमा आवश्यक रकम विनियोजन गरी निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

CamScanner